**राजश्व परामर्श समितिको सिफारीसमा कार्यपालिका बाट पारित भई आ.व. ०७८।०७९ का लागि गाँउसभामा पेश भएका अर्थ विधेयकले तोकेका राजश्वका दररेटहरु**

## अनुसुची - १

### गाउँपालिकाले आफनो क्षेत्रभित्र लगाउन सक्ने सम्पति करको वार्षिक दर

**१. घर जग्गा कर :**

**घरजग्गाको मूल्य करको दर (एकिकृत सम्पत्तिको मूल्य)**

| कर योग्य एकिकृत सम्पत्तिको मूल्य | करको दर (वार्षिक) |
|---|---|
| पहिलो रु. १ लाख रुपैयाँसम्म | रु. ५०।- |
| त्यसपछिको रु. १ लाखदेखि रु. ५लाख रुपैयाँसम्म | रु. १००।- |
| त्यसपछिको रु. ५ लाखदेखि रु. १० लाखसम्म | रु. २००।- |
| त्यसपछिका रु.१० लाखदेखि रु. २० लाख रुपैयाँसम्म | रु. ३००।- |
| त्यसपछिको रु. २० लाखदेखि रु. ३० लाख रुपैयाँसम्म | रु. ४००।- |
| त्यसपछिको रु. ३० लाखदेखि रु. ४० लाख रुपैयाँसम्म | रु. ५००।- |
| त्यसपछिको रु. ४० लाखदेखि रु. ५० लाख रुपैयाँसम्म | रु. १०००।- |
| त्यसपछिको रु. ५० लाखदेखि रु. ८० लाख रुपैयाँसम्म | रु. ५०००।- |
| त्यसपछिको रु. ८० लाखदेखि रु. १ करोड रुपैयाँसम्म | रु. १०,०००।- |
| त्यसपछिको रु. १ करोड देखि रु. ५ करोडसम्म | रु. २५,०००।- |
| त्यसपछिका रु.५ करोडदेखि माथि | रु. ४०,०००।- |

**२. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका**

१. घरजग्गामा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछ

**(क) घरको बनोटको वर्गीकरण :**

(१) ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर र काठबाट बनेका घर ।

(२) भित्रबाहिर पाको ईटमा सिमेन्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर ।

(३) अर्द्धपक्की घर,ढुङ्गा माटोको साथै सिमेन्ट रड समेत प्रयोग गरिएका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

**ख) घरको मूल्याङ्कन**

| घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रतिवर्ष टुटफुट कट्टि दर प्रतिशत | प्रतिशत जम्मा वर्ष |
|---|---|---|---|
| प्रकरण २ (१) (क) (१) बमोजिमको घर | रु. ४५०।- | ३.०० | २५ |
| प्रकरण २ (१) (क) (२) कमोजिमको घर | रु. ५३५।- | २.०० | ३० |
| प्रकरण २ (१) (क) (३) बमाजिमको घर | रु. ५७५।- | १.०० | ७० |
| प्रकरण २ (१) (क) (४) बमोजिमको घर | रु. ६३५।- | ०.७५ | १०० |

(ग) काँचो ईट्टा वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(घ) सिनेमाहलहरुको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्यांकन गरिनेछ ।

(२) घरजग्गामा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा सोको प्रयोजनको निम्ति गठन स्थानीय समितिले तोके बमोजिम हुनेछ। यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मूल्यांकन गरिनेछ ।

## अनुसूची २

### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमि कर (मालपोत) को दर

| सि. नं. | वर्ग | न्युनतम १ रोपनी देखि ५रोपनी सम्मको रकम | | ५ रोपनी देखि माथि थप प्रति रोपनीको रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १. | अब्बल | रु. ३०।- | रु. २०।- | रु. १० ।- | रु. ५।- |
| २. | दोयम | रु. २५।- | रु. १५।- | रु. ५।- | रु. ४।- |
| ३. | सिम | रु. २०।- | रु. १०।- | रु. ४।- | रु. ३।- |
| ४. | चाहार | रु. १५।- | रु. ५।- | रु. ३।- | रु. २।- |

१) एक  रोपनी भन्दा कमको लागि माथि उल्लेखित न्युनतम १ रोपनी देखि ५ रोपनी सम्मको लागि तोकीएको रकममा २५ प्रतिशत कम गरी लाग्नेछ ।

२) आ.व २०५०/०५१ भन्दा अगाडी तिर्न वाकी रहेको भुमि कर (मालपोत कर) मा माथि उल्लेखित तोकिएको रकममा २५ प्रतिशत कम गरी भुमि कर (मालपोत कर) लाग्ने छ ।

३) आ.व २०५१/०५२ देखि आ.व २०६२/०६३ सम्मको तिर्न वाकी रहेको भुमि कर (मालपोत कर) मा माथि उल्लेखित तोकिएको रकममा २० प्रतिशत कम गरी भुमि कर (मालपोत कर) लाग्ने छ ।

४) आ.व २०७७/०७८ मा एकृकित सम्पती कर नवुझाउने करदाताहरुलाई तोकिएको करमा २० प्रतिशत विलम्व शुल्क लाग्ने छ ।